शुक्लाफाँटा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ | संख्याः १२ | मितिः २०८०/०९/०२ गते

भाग — २

शुक्लाफाँटा नगरपालिका

## सडक मापदण्ड तथा अधिकार क्षेत्र निर्धारण (दोस्रो संसोधन) कार्यविधि, २०८०

**स्विकृत मितिः २०८०/०९/०१ गते**

**प्रस्तावनाः**

सडक मापदण्ड तथा अधिकार क्षेत्र निर्धारण कार्यविधि, २०७६ लाई समायनुकुल परिमार्जन तथा संसोधन गर्न आवश्यक रहेकोले नगर कार्यपालिकाले दफा बमोजिम यो कार्यविधि स्वीकृत गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "**शुक्लाफाँटा नगरपालिका सडक मापदण्ड तथा अधिकार क्षेत्र निर्धारण (दोस्रो संसोधन) कार्यविधि, २०८०**" रहेको छ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ।

२. **खारेजीः** शुक्लाफाँटा नगरपालिका सडक मापदण्ड तथा अधिकार क्षेत्र निर्धारण कार्यविधि, २०७६ (यस पछि मुल कार्यविधि भनिने) को दफा ७ खारेजी गरी देहाय बमोजिमको दफा ७ क र दफा ७ख कायम गर्ने।

" ७ क. **जग्गा प्लटिङ सम्बन्धी व्यबस्थाः**

१) प्लटिङ भन्नाले कुनै  व्यक्ति सस्था वा फर्म ले जग्गा विकास गरि वस्ति विकास का लागि एक वा एक बढि सडकहरु खोलि घडेरीका टुक्राहरु विकास गर्नुलाई मानिने छ।

२) कुनै ब्यक्ति, सस्था, फर्म वा कम्पनीहरुले यस नगरपालिका भित्र आफ्नो स्वामित्व को वा खरिद गरि जग्गा प्लटिङ गर्न चाहेमा नगर पालिकाको ईजाजत अनिवार्य लिनु पर्ने छ साथै उक्त प्लटिङको प्रस्तावित ट्रेस नक्साका आधारमा प्रमाणित भएको प्लटिङको आधिकारिक फाईल नक्सा बनाई नगरपालिकामा पेश गर्नु पर्ने छ।

३) ईजाजत लिए पश्चात प्रस्तावित स्वीकृत प्लटिङ नक्सामा तोकिएको मापदण्डको बाटो, नाला, बिजुलि पोल तार जडान आवश्यकता अनुसार ह्युम पाइप, कल्भट जडान, खुल्ला जग्गा ,न्युनताम ६ मिटर चौडाइ बाटो र मोड/घुम्ति हरुमा २०% बढि चौडाइ, ग्रेबल सडक सहितको पुर्वाधार निर्माण कार्य सम्पन्न भइसके पश्चात स्थलगत निरिक्षण गरि आवश्यकता अनुसार प्राप्त प्रतिवेदनको आधारमा कार्यपालिका बाट निर्णय भए पछि जग्गा सम्बन्धी कारोवारका लागि घर बाटो सिफारिश र प्लटिङ सम्बन्धी प्रकृया अघी बडाइने छ।

४) प्लटिङ गरिएका घडेरीहरुको मोहडा न्युनतम ९ मिटर र क्षेत्रफल १३० वर्गमिटर हुनु पर्नेछ।

५) प्लटिङ गरिने जग्गाको सरकारि कुल मुल्यको ०.३ प्रतिशत रकम, इजाजत वाफत नगरपालिका लाई राजश्व तिर्नु पर्ने छ।

**७ ख. नयाँ सडक सार्वजनिक गर्ने व्यवस्था**

१) कुनै व्यक्ति वा सस्था ले पहिले देखि निजि जग्गामा चलन चल्तिमा रहेको सडकलाइ सार्वजनिक गर्न माग गरेमा त्यस्ता व्यक्ति वा सस्थाहारुले नगरपालिकाको सडक मापदण्ड पालना गरि न्युनतम पुर्वाधारहरु ६ मि. चौडाई भएको बाटो तयार गर्ने, माटो पटान गर्ने, १५ से.मि. को ग्रेवल हाल्ने र आवश्यक रहेको स्थानमा ४५० मि.मि. मोटाइको ह्युम पाइप जडान गरि सके पछि बस्ति बिकास शाखाका प्रविधिक हरुको प्रतिवेदनका आधारमा सिफारिश दिन आवश्यक देखिएमा लगत कट्टाको लागि सम्बन्धित निकायलाई सिफारिश दिइने छ।

२) दफा ७ क को उपदफा १ को मापदण्ड पालना गरेमा अशं बण्डा गर्दा समेत बाटो सार्वजनिक गर्न सिफारिश दिइने छ।

२) बुदा न. १ अनुसार सडक सार्वजनिक गर्न सिफारिश दिदा दुइ धुर्व बाट सडक आइ बिचमा सडकको निकास बन्द रहेको अवस्थामा सडकको निकास दिए पछि मात्र सिफारिश दिइने छ। "

**आज्ञाले,**
**टिकेन्द्रराज भट्ट**
**प्रमुख प्रशासकीय अधिकृत**